**कावासोती नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

# कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण

**मितिः २०७७/०२/०७**

१. कावासोती नगरपालिका क्षेत्र भित्रका एम्बुलेन्स चालक र पत्रकारहरुलाइ कोरोना परिक्षण पि.सि.आर गर्ने निर्णय गरियो।

२. कोरोना भाइरस(COVID-19) को रोकथाम तथा नियन्त्रणका लागि अग्रपङ्क्तीमा खटिएका कावासोती नगरपालिकामा कार्यरत ४८ जना स्वास्थ्यकर्मी , ५ जना नगर प्रहरी र ७ जना एम्बुलेन्स चालक गरि कुल ६० जनाको प्रति व्यक्ती बार्षिक रु १२०० प्रिमियमका दरले( रु २ लाखको) कोरोना स्वास्थ्य विमा नगरपालिका बाट गर्ने निर्णय गरियो।

३. यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट कोरोना भाइरस (COVID-19) संङ्क्रमण, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको विपद व्यवस्थापन कोषमा आजको मितिमा प्राप्त रकम तथा जिन्सी सामानहरुको विवरण निम्नानुसार रहेको भनि निर्णय पारित गरियो।

| क्र.स. | सहयोग पुर्याउनुहने संस्था/व्यक्तीको विवरण | रकम | जिन्सी | प्याकेज | कैफियत |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक लि. कावासोती शाखा | २०,०००।- | ० | ० | रा.व.बैकबाट कोषमा जम्मा गरिएको |
| | आजको जम्मा | २०,०००।- | ० | ० | |

४. यस कावासोती नगरपालिकाको नगरस्तरिय क्वारेन्टाइन(८० बेड) यस न.पा. वडा नं १७ अवस्थित श्री सरस्वती मा.वि. गोछडामा बनाउने निर्णय गरियो।